# FWEAN TRADE FAIR SPECIAL

# smelink NEWS

BRIDGING EURO-ASIAN MARKETS

विषयवस्तु


- सम्पादकीय पृष्ठ १
- एसएमइलिंकको खुला प्रर्दशनी क्षेत्र पृष्ठ २ र ३
- एसएमइलिंक परियोजनाबाट सहभागी उद्यमीहरु पृष्ठ ४





नेपालमा विभिन्न उत्सवहरुको आयोजना गरी “१००औं नारी दिवस” मनाइयो । नारी दिवसको सन्दभमा आयोजित विभिन्न कार्यक्रमहरुको माझ हाम्रो स्थानीय साझेदार-नेपाल महिला उद्यमी महासंघले पनि एक व्यापार मेलाको आयोजना गरेको थियो । उक्त मेलामा सहभागी बन्न पाउँदा हामी हर्षित भएका छौं ।

सो मेलाको आयोजना यही मार्च ८-११ सम्म काठमाडौंस्थित भृकुटीमण्डप गरिएको थियो ।

सन् १९०० को प्रारम्भदेखि नै “अन्तर्राष्ट्रिय नारी दिवस” मनाइने गरिएको छ । औद्योगिक विश्वमा विशाल औद्योगिक विस्तार र अव्यवस्था देखिएको उक्त समयमा तीव्र अनुपातमा जनसंख्याको वृद्धि र परम्परागत धारणा भन्दा भिन्न मतहरुको प्रतिपादन भएको थियो । सन् १९११ मा कोपनहेगनमा गरिएको निर्णयानुसार लैंगिक भेदभवको अन्त्य गरी नारीको आत्मनिर्भर बन्ने, मत खसाल्न पाउने, रोजगार बन्ने र प्रशिक्षित हुने जस्ता अधिकार सुरक्षित गर्ने उद्देश्यका साथ सोही वर्ष मार्च १९ का दिन अस्ट्रिया, डेनमार्क, जर्मनी र स्वीट्जरल्यान्डमा पहिलोपटक “अन्तर्राष्ट्रिय नारी दिवस” मनाइएको थियो ।

नेपालको सन्दर्भमा लैंगिक विषयलाई पनि विकासगत प्राथमिकतामा राखिन्छ । यहाँ जम्मा ४२% महिला मात्र साक्षर छन् भने सरकारी नीति-नियम तर्जुमा गर्ने पदहरुमा महिलाको उपस्थिति १% भन्दा कम रहेको पाइन्छ ।

विगत दुई दशकदेखि नेपाली महिलाहरुले ग्रामीण तथा शहरी क्षेत्रहरुमा उद्यमशीलताको विकास गरी देशको आर्थिक उन्नतिमा टेवा पुऱ्याउँदै आएका छन् ।

यो वर्ष “१००औं नारी दिवस” अन्तर्राष्ट्रिय साना तथा मझौला उद्यमीहरुको व्यावसायिक भेटघाट/व्यापार मेला, सीप आदान-प्रदानसम्बन्धी कार्याशाला गोष्ठी, किरण बेदीसँगको एक छलफल तथा अन्तरक्रिया कार्यक्रम र काठमाडौं सामूहिक घोषणा जस्ता कार्यक्रमहरुको आयोजना गरी मनाइयो ।

# एसएमइलिंकको खुला प्रदर्शनी क्षेत्र



“आठौं हस्तकला व्यापार मेला” सम्पन्न भएको लगत्तै दुई हप्तापश्चात् यस मेलाको आयोजना गरिएको थियो । त्यसकारण धेरैजसो एसएमइलिंकद्वारा लाभान्वित उद्यमीहरु यस मेलामा सहभागी बन्न त्यति उत्सुक देखिएनन् ।















समयको अभाव (केही उद्यमीहरुले अघिल्लो मेलामा सहभागी बन्नका लागि आफ्नो व्यवसायबाट ५ दिनको विश्राम लिएको हुँदा आफ्ना व्यवसायमा बढी ध्यान दिनु थियो ) वा चर्को स्टल शुल्क (तीनदिने मेलाका लागि रु ५,००० शुल्क तोकिएको थियो) अथवा सामान्यतः उत्सुकताको अभावका कारण ... उद्यमीहरु उत्साहित भएनन् ।

यस असहज परिस्थितिमा सो मेलामा एसएमइलिंकका तर्फबाट १८ जना लाभान्वित उद्यमीहरुले मात्र आफ्ना स्टलहरु राख्ने निर्णय गरे ।



मेलामा यस परियोजनाका अधिकतम उद्यमीहरुको प्रतिनिधित्व होस् भन्ने ध्येयका साथ परियोजना टिमले आठ स्टल बराबरको क्षेत्र “खुला प्रदर्शनी क्षेत्र” को रुपमा रुपान्तरित गर्ने निर्णय गर्‍यो । यस क्षेत्र अन्तर्गत चार विभिन्न विधाका (पश्मिना, धातुकला, चाँदीका गर-गहना र पर्यटन) वस्तुहरु प्रदर्शनीका लागि राखिएका थिए ।

“खुला प्रदर्शनी क्षेत्र” अन्तर्गत प्रदर्शित वस्तुहरुले उद्यमीहरुको प्रतिनिधित्व गरेका थिए । ती वस्तुहरुसँगै राखिएका उद्यमीहरुका भिजिट कार्ड र ब्रोसरहरु मेलामा आएका आगन्तुकहरुले आफूसँगै संकलन गरी लान सक्थे र पछि उद्यमीहरुलाई सम्पर्क गर्नका लागि पनि प्रयोग गर्न सक्थे ।





## "खुला प्रदर्शनी क्षेत्र" अन्तर्गत मेलामा सहभागी एसएमइलिंकका प्रदर्शकहरु

| क्षेत्र | उद्यमीको नाम | कम्पनीको नाम |
|---|---|---|
| पर्यटन | गोविन्द भट्ट | अमेजिंग ट्राभल्स एन्ड टूर्स |
| | कुमान गुरुङ | अल्टिमेट डिसेन्ट्स नेपाल |
| | छविलाल खनाल | एड्भेन्चर जल्जले ट्रेकिंग एन्ड एक्सपिडिसन्स |
| | कुमार राई | नेपाल नेचर ट्रेक्स एन्ड एक्सपिडिसन्स |
| | आशिष हुमागाईं | बाल्थली भिलेज रिसोर्ट |
| | शेखर बि. थापा | अल्पाइन एसियन ट्रेक्स एन्ड एक्सपिडिसन |
| धातुकला | कल्याणकृष्ण ताम्रकार | कटेज क्र्याफ्ट्स |
| | मञ्जु शाक्य | मञ्जुश्री ट्रेड लिंक |
| | राजु शाक्य | रत्न ह्यान्डिक्र्याफ्ट इन्डस्ट्रि |
| | विकास मान प्रधान | गोरखा जेम्स |
| | बबी सापकोटा | क्रिएटिभ क्लासिक क्र्याफ्ट |
| | रवीन्द्र ताम्राकार | प्वास्या मेटल क्र्याफ्ट |
| | सनोज शाक्य | कायो ह्यान्डिक्र्याफ्ट |
| | रज्जू रन्जितकार | आर एन्ड आर ह्यान्डिक्र्याफ्ट |
| | प्रितिना शाक्य | दिवआर्ट्स |
| गर-गहना | विनोद बज्राचार्य | अरनिको क्र्याफ्ट |
| | मन मोहन सिंह मल्ल | रिन्चेन टासी |
| | दीपक आर तुलाधर | एसियन क्र्याफ्ट्स |
| | बालकृष्ण असरपति | बि एन्ड बि गोल्ड एन्ड सिल्भर क्र्याफ्ट |
| | मीनु बज्राचाय | नेपलिज डि कलेक्सन |
| पशिमना | नरेन्द्र शाक्य | हारती पशिमना |
| | पार्वती श्रेष्ठ | पलाञ्चोक भगवती पशिमना |
| | वसुन्धरा आचार्य | नोभेला सिल्की ऊल |
| | अल्का शाक्य | क्र्याफ्टिज नेपाल |





# एसएमइलिंक परियोजनाका सहभागी उद्यमीहरु


























| उद्यमीको नाम | कम्पनीको नाम |
|---|---|
| बिन्जु ताम्राकार | भैरव ज्वेलरी एन्ड जेम्स उद्योग |
| सपना श्रेष्ठ | लक्ष्मी सिल्भर एन्ड गोल्ड |
| लीला जोशी | युनिक हस्तकला |
| मेनका प्रधान | एमआर नट क्र्याफ्ट |
| माणिक रत्न शाक्य | ग्यामो क्रिएटर्स |
| मञ्जु शाक्य | मञ्जुश्री ट्रेड लिंक |
| प्रितिना शाक्य | इनआर्ट्स |
| अल्का शाक्य | क्र्याफ्टिज नेपाल |
| सलिना श्रेष्ठ | बि.के. ह्यान्डिक्र्याफ्ट |
| प्रवल ताम्रकार | कटेज क्र्याफ्ट्स |
| वसुन्धरा आचार्य | नोभेला सिल्की ऊल |
| सरिता तुलाधर | स्विनिंग डिजाइन |
| सम्पूर्ण शाही | न्यु गिफ्ट सप |
| पार्वती श्रेष्ठ | पलाञ्चोक भगवती पश्मिना |
| आशिष हुमागाईं | बाल्थली भिलेज रिसोर्ट |
| शेखर बि. थापा | अल्पाइन एसियन ट्रेक्स एन्ड एक्सपिडिसन |
| नेम रत्न शाक्य | तिब्बेतन एन्ड नेपलिज ह्यान्डिक्र्याफ्ट |
| कमला ताम्राकार | क्र्याफ्टसलाइन |

मेलामा सहभागी बन्नका लागि हाम्रा उद्यमीहरुले स्टल शुल्क बाँड्ने एवम् स्टलमा समेत मिलिजुली सहभागी हुने निर्णय गरेका थिए। एउटा स्टलमा दुई वा कुनैमा तीनजना उद्यमीहरु पनि एक-आपसमा मिली सहभागी भएका थिए। तर पर्यटन क्षेत्रमा संलग्न उद्यमीहरुले भने आ-आफ्नै स्टलहरु लिएका थिए।

उक्त मेला एसएमइलिंकका केही लाभान्वित उद्यमीहरुका लागि एक नौलो अनुभव थियो भने अन्य केही "आठौं हस्तकला व्यापार मेला" पनि सहभागी भइसकेका थिए।

यी व्यापार मेलाहरुको माध्यमबाट हाम्रा उद्यमीहरुले उजागर हुने अवसर प्राप्त गरेका छन्। त्यसैगरी उनीहरु नयाँ ग्राहकसँग सम्पर्क विस्तार गरी आफ्ना व्यवसाय अभिवृद्धि गर्न पनि सफल भएका छन्।